# आरती बहुउद्देश्यीय सहकारी संस्था लि.

# Aarati Multi-purpose Co-operative Ltd.

Ranjana Trade Centre,3rd Floor, 31 No. New Road, Kathmandu, Nepal
Tel: 4264019/4267636, Email: amcoop2011@hotmail.com

## *Mobile/SMS/E-Banking* (मोवाइल/एस.एम.एस./ई–बैंकिङ्ग)

Date: 
मिति

The Manager
**Aarati Multipurpose Co-operative Ltd.**
New Road, Kathmandu, Nepal

I/We hereby request you to provide me/us the SMS/Mobile/Internet Banking facility as per detail given below:
(म/ हामी लाई तल दिइएको बिबरणको आधारमा (एस.एम.एस / मोबाइल बैंकिङ / इन्टरनेट बैंकिङ सेवा उपलब्ध गराईदिन हुन लागि बिनम्र अनुरोध गर्दछु / गर्दछौ ।)

### CUSTOMER INFORMATIONS (ग्राहकको व्यक्तिगत बिबरण ):

Clint Information No : (ग्राहक परिचय नं.) ______ Account Number : (खाता नं) ______

Full Name: Mr./Mrs. /Ms. पूरा नाम :श्रीमान्/श्रीमती/सुश्री ______

Contact Address : (सम्पर्क ठेगाना) ______

Contact No : (सम्पर्क नं.) ______ Mobile No : (मोबाइल नं) ______

Email : (इमेल ठेगाना) ______

### SMS/MOBILE/E-BANKING (एस.एम.एस./मोवाइल/ई- बैंकिङ्ग):

Please tick on service you need (कृपया तल उल्लेखित आवश्यक सेवामा ठीक चिन्ह लगाउनुहोस):

☐ General SMS Banking (एस.एम.एस. बैंकिङ्ग मात्र

☐ Txn. Alert (कारोबारको जानकारी दिने)
- ☐ For Dr Txn Amt More than Rs. ......................
- ☐ For Cr Txn Amt More than Rs. ......................

☐ Mobile Banking (मोबाइल बैंकिङ्)

Utility Bill Payments (उपभोग बापतको बिल भुक्तानी) ☐

Merchant Payments (समान खरिद बापतको बिल भुक्तानी) ☐

Fund Transfer to Accounts (अर्को खातामा रकमान्तर गर्ने ) ☐

Account Numbers for Fund Transfer (रकमान्तर गर्ने खाताहरु):
1. ______ 2. ______
3. ______ 4. ______

Remarks If Any (कैफियत, यदी कुनै): ______

A/c Holder Signature(s)
(खातावालाको दस्तखत )

### FOR OFFICE USE ONLY (कार्यालय प्रयोजको लागि )

Customer ID Created:

ACCEPTED/CHECKED BY
Date:.......................................

AUTHORISED SIGNATURE
Date:.......................................

## इन्टरनेट बैंकिङ्ग सेवा तथा शर्तहरू :

१. ग्राहकले आफ्नो सम्बन्धित खाताको कारोबारको बारेमा सम्पूर्ण जानकारी लिन सक्ने ।

२. ग्राहकले आफ्नो सम्बन्धित खाताको कारोबारको बिबरण(statement) बारे जानकारी लिन सक्ने ।

३. ग्राहकले आफ्नो सम्बन्धित खाताबाट अर्को सम्बन्धित खातामा रकमान्तर गर्न सक्ने । (रकमको सीमा दिनमा ४ पटक र प्रत्यक कारोबारमा अधिकतम रु. २५,००० सम्म तथा रकमान्तर गर्न सकिने खाताको संख्या ५ वटा सम्म हुनेछ । )

४. ग्राहकले आफ्नो सम्बन्धित खाता बाट बस्तु तथा सेवा प्रयोग बापतको भुक्तानी प्रयोजनको लागि सम्बन्धित अर्को खातामा रकमान्तर गर्न सक्ने । (रकमको सीमा दिनमा ४ पटक र प्रत्यक कारोबारमा अधिकतम रु. २५,००० सम्म हुनेछ । )

५. ग्राहकले आफ्नो सम्बन्धित खाताको कारोबारको बारेमा SMS मार्फत तुरुन्त जानकारी पाउने छन् ।

६. ग्राहकले आफ्नो सम्बन्धित खाताको चेक बुक अनुरोध गर्न सक्ने छन् ।

७. ग्राहकले सेवा तथा सुविधाको बारेमा जानकारी प्राप्त गर्न सक्ने छन् ।

८. सेवा तथा सुविधाको बारेमा समय समयमा Email/Website मार्फत सूचना जानकारी गराउन सक्नेछ ।

### शर्त तथा नियमहरू :

२. इन्टरनेट बैंकिङ्ग सेवाको लागि ग्राहकको खाता संचालनरत हुनुपर्नेछ । संयुक्त/कम्पनी/फर्म/नाबालकको खाताको हकमा आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउन सकिनेछ ।

३. इन्टरनेट बैंकिङ्ग सेबाको लागि ग्राहकको कम्तीमा एउटा इमेल ठेगाना अनिवार्य हुनुपर्नेछ ।

४. एउटा इन्टरनेट बैंकिङ्ग एकाउण्टमा एउटा सम्बन्धित ब्यक्तिको ५ वटा खाता अनुबन्ध गर्न सकिनेछ तर एउटा खातामा एउटा मात्र इन्टरनेट बैंकिङ्ग एकाउण्टको ब्यबस्था गर्न सकिनेछ ।

५. इन्टरनेट बैंकिङ्ग सेबाको लागि ग्राहकले प्रदान गरेका ब्यक्तिगत सूचनाहरु सही र उपयुक्त हुनुपर्नेछ ।

६. ग्राहकले इन्टरनेट बैंकिङ्ग सेवा संचालनको लागि बैंकले दिएको बिधी तथा मार्गदर्शन र नियमहरु पालना गर्नुपर्ने छ सो को आधारमा ग्राहकलाइ इन्टरनेट बैंकिङ्ग सेवा उपलब्ध गराउने छ । सो को लागि प्रयोग विधी, गोप्य सूचनाहरु ( Username / Password) तथा सुरक्षा सम्बन्धी निम्न लिखित सजकता विधीको जानकारी प्रदान गर्नेछ ।

- इन्टरनेट बैंकिङ्ग सेवा संचालको लागि एउटा User ID /PIN (Password) प्रदान गर्ने छ । पहिलो PIN (Password1) आफ्नो इन्टरनेट बैंकिङ्ग एकाउण्टमा प्रवेश गर्न र खाताको बारेमा जानकारी लिने प्रयोजन को लागि र दोस्रो PIN (Password2) इन्टरनेट बैंकिङ्ग मार्फत गरिने कारोवारको प्रयोजनको लागि हुनेछ । पहिलो पटक यो सेवा लिने बित्तिकै तत्काल‌ै ग्रहाकले दुबै Password हरु परिबर्तन गर्नुपर्ने छ तत् पश्चात मात्र इन्टरनेट बैंकिङ्ग सेवा क्रियाशिल हुनेछ । Username / PIN (Password) जस्ता गोप्य सूचनाहरुको सुरक्षा ग्राहक स्वयम्ले गर्नुपर्नुछ । Password को लम्बाइ कम्तीमा ६ अक्षर बराबर र यसमा अंक र अक्षर दुबै समाबेश गरेको हुनुपर्नेछ ।
- इन्टरनेट बैंकिङ्ग सेवा संचालको लागि प्रदान गरेका Username /PIN (Password) जस्ता गोप्य सुचनाहरु सकभर स्मरणमा मात्र सिमीत राख्नुपर्नेछ ।
- इन्टरनेट बैंकिङ्ग मार्फत सार्बजानिक ठाउँ जस्तै साइबर क्याफे आदिमा कारोबार गर्दा आफ्नो Password सजगताको साथमा प्रयोग गर्नुपर्ने छ । समय समयमा आफ्नो Password परिवर्तन गर्नु सुरक्षाको दृष्टीले राम्रो हुने छ ।

७. सामन्यता इन्टरनेट बैंकिङ्ग सेवा ग्राहकले एक पटक लिएपछि आफ्नो खाता कृयाशिल रहुन्जेल हुनेछ । खाता कृयाशिल नभएमा इन्टरनेट बैंकिङ्ग सेवा बन्द हुन सक्नेछ र सो नबिकरणको लागि ग्राहकले बैंकको सम्बन्धित शाखामा सर्म्पक गर्नुपर्नेछ ।

### शुल्क तथा दस्तुर :

१. सम्पुर्ण ग्राहकलाई इन्टरनेट बैंकिङ्ग नि:शुल्क उपलग्ध गराउने छ, सेवा सम्बन्धी कुनै शुल्क लाग्ने भएमा सो को जानकारी ग्राहकलाई अग्रिम जानकारी गराउनेछ ।

२. तर बस्तु वा सेवाको भुक्तनी प्रयोजनको लागि रकमान्तर गर्दा सेवा प्रदायकसँग गरेको संझौता बमोजिम तोकिएको सेवा शुल्क ग्रहाकको खाताबाट सोझै काटन सकिने छ र यो सेवा लिन चाहने ग्राहकलाई सेवा लिनु अगाबै शुल्क बारे जानकारी गराइनेछ ।

### सेवा र सुरक्षा सम्बन्धी जानकारी :

१. इन्टरनेट बैंकिङ्ग सेवाको प्रकार, सीमा तथा क्षेत्र र समय सम्बन्धी सम्पूर्ण गतिविधी यस संस्थामा निहीत हुनेछ ।

२. संस्थाले अर्को कुनै तेस्रो पक्ष संग संझौता गरी इन्टरनेट बैंकिङ्ग संचालको लागि चाहिने software तथा Hardware प्रबिधिको प्रयोग गर्न सक्ने छ र सो को संचानल र स्वमित्व संस्थामा निहित रहने छ ।

३. इन्टरनेट बैंकिङ्ग सेवामा सुचना आदान प्रदान गर्दा सो को सुरक्षाको प्रत्याभुती संस्थाले ग्राहकलाइ दिने छ । यसको सुरक्षाको लागि बैंकले बिद्युतीय हस्ताक्षर (Digital Signature) जस्ता सुरक्षा प्रबिधीको उपयोग गर्नेछ ।

४. तीन पटक भन्दा बढी गलत Password/PIN प्रयास गरेमा इन्टरनेट बैंकिङ्ग एकाउण्ट स्बतः बन्द हुने छ र सो सुचारुको लागि ग्राहक स्वयम्ले संस्थामा निबेदन दिनुपर्नेछ ।

५. Username र Password को दुरुपयोगबाट हुने संभाबित नोक्सानीको जिम्मेवार ग्राहक स्वयम् हुनुपर्नेछ । सेवा प्रयोग गरिसकेपछि अनिवार्य रुपमा Log out/Sing out गर्नुपर्नेछ ।

६. इन्टरनेट बैंकिङ्ग सेवा प्रयोग गर्दा Remember Password जस्ता सुविधा कम्युटरमा राख्न हुदैन ।

७. ग्राहकको Username र Password सम्बन्धी गोपनीयता सम्बन्धित ब्यक्ति बिचमात्र सिमीत रहनेछ । ग्राहाकले आफ्ने इन्टरनेट बैंकिङ्ग Username र Password अरु कुनै तेस्रो पक्ष जस्तै इन्टरनेट वेब साइट र इमेलको प्रत्युत्तरमा दिनु हुदैन र सो को दुरुपयोग बाट हुने नोक्सानी प्रती ग्राहक स्वयम जिम्मेवारी हुनुपर्नेछ ।

८. ग्राहाकको कारोबार सम्बन्धी गोपनीयता संस्था र सम्बन्धित ब्यक्ति बिचमात्र सिमीत रहनेछ ।

९. यो सेवा ग्राहकको सम्बन्धित एउटा खाता नं मा मात्र सीमित रहनेछ ।

१०. कम्प्यूटर तथा साइबर अपराध वा गलत प्रोग्राम (computer virus)को कारणबाट इन्टरनेट बैंकिङ्ग र Email मार्फत बैंक सम्म आउने अनुरोधमा संस्थाको प्रणालीमा हानी पुर्याउने खालका गतिबिधी संस्थाले ठहर्‍याएमा त्यस्ता गतिबिधीलाई सिधै रोक्न सक्नेछ ।

११. ग्राहाकले इन्टरनेट बैंकिङ्ग सेवाको प्रयोग सामान्य अबस्थामा आफूलाई चाहिएको बखत जुनसुकै बेला प्रयोग गर्न सक्ने छन । सेवा संचालन प्रयोग गर्दा कुनै किसिमको दुविधा वा अप्ठेरो लागेमा सम्बन्धित ग्राहकले कार्यलय समयमा सम्बन्धित शाखाको ग्राहक सेवा बिभागमा सम्पर्क गरी सहयोग लिन सक्ने छन । संस्थाको आन्तरीक कारण वा प्राबिधिक खराबीले सेवा संचालन हुन नसकेमा सो अगावै संचार माध्यम वा वेब साइटरइमेल मार्फत जानकारी गराइने छ ।

१२. इन्टरनेट सेवा प्रदायक तथा वाह्य संजालको अबरोध तथा समस्याले मोबाइल बैंकिङ्ग सेवा संचालन हुन नसकेमा वा सफल कारोबार हुन नसकेमा संस्था जवाफदेही हुने छैन । तर अवास्तबिक कारोबार देखिएमा सो को हिसाब मिलान संस्थाले बढिमा एक हप्ता भित्र गरिसक्नेछ ।

१३. ग्राहकले आफूले चाहिएमा इन्टरनेट बैंकिङ्ग बन्द गर्न सक्ने छन सो को लागि एक हप्ता अगाडी संस्थामा निबेदन दिनुपर्ने छ । खाता बन्द गर्ने सवालमा खाता बन्द भएपछि निजको इन्टरनेट बैंकिङ्ग सेवा समेत स्वत रद्द हुनेछ ।

१४. संस्था तथा ग्राहकको तर्फबाट इन्टरनेट बैंकिङ्ग सेवा कुनै पनि शर्त तथा सम्झौता बाझिएमा वा उल्लंघन हुन गएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम समाधान गरिनेछ र सो सम्बन्धी अन्तिम निणर्य गर्ने अधिकार बैंकको हुनेछ ।

## मोवाइल बैंकिङ्गका सेवा तथा शर्तहरू :

१. ग्राहकले आफ्नो सम्बन्धित खाताको मौन्दात रकम बारे SMS मार्फत जानकारी लिन सक्ने ।

२. ग्राहकले आफ्नो सम्बन्धित खाताको कारोबारको बिबरण (statement) बारे जानकारी लिन सक्ने ।

३. ग्राहकले आफ्नो सम्बन्धित खाताबाट अर्को सम्बन्धित खातामा रकमान्तर गर्न सक्ने । (रकमको सीमा दिनमा ४ पटक र प्रत्यक कारोबारमा अधिकतम रु. २५,००० सम्म तथा रकमान्तर गर्न सकिने खाताको संख्या ५ वटा सम्म हुने छ । )

४. ग्राहकले आफ्नो सम्बन्धित खाताबाट बस्तु तथा सेवा प्रयोग वापतको भुक्तानी प्रयोजनको लागि सम्बन्धित अर्को खातामा रकमान्तर गर्न सक्ने । (रकमको सीमा दिनमा ४ पटक र प्रत्यक कारोबारमा अधिकतम रु. २५,००० सम्म हुने छ । )

५. ग्राहकले आफ्नो सम्बन्धित खाताको कारोबारको बारेमा SMS मार्फत तुरुन्त जानकारी पाउने छन ।

६. ग्राहकले आफ्नो सम्बन्धित खाताको चेक बुक अनुरोध गर्न सक्ने छन ।

७. ग्राहकले संस्थाको सेवा तथा सुविधाको बारेमा जानकारी प्राप्त गर्न सक्ने छन ।

८. संस्थाले सेवा तथा सुविधाको बारेमा समय समयमा SMS मार्फत सूचना जानकारी गराउन सक्नेछ ।

### शर्त तथा नियमहरू :

२. मोवाइल बैंकिङ्ग सेवाको लागि ग्रहाकको ब्यक्तिगत चल्ती वा बचत खाता संचालनरत हुनु पर्नेछ । संयुक्त खाताको हकमा मोवाइल बैंकिङ्ग सेवा उपलग्ध गराइने छैन । कम्पनी/फर्म/नाबालकको खाताको हकमा आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउन सकिनेछ ।

३. एउटा मोबाइल नं मा एउटा मात्र मोवाइल बैंकिङ्ग ID को ब्यबस्थ गर्न सकिने छ तर अधिकतम २ बटा खातामा एउटा मोवाइल बैंकिङ्ग ID प्रदान गर्न सकिने छ ।

४. मोवाइल बैंकिङ्ग सेवाको लागि ग्रहाकले प्रदान गरेका ब्यक्तिगत सूचनाहरु सही र उपयुक्त हुनुपर्नेछ ।

५. ग्राहकले मोवाइल बैंकिङ्ग संचालनको लागि संस्थाले दिएको बिधी तथा मार्गदर्शन र नियमहरु पालना गर्नुपर्नेछ सो को आधारमा संस्थाले ग्राहकलाइ मोवाइल बैंकिङ्ग सेवा उपलग्ध गराउने छ । संस्थाले सो को लागि प्रयोग विधी, गोप्य सूचनाहरु (UserID, Password) तथा सुरक्षा सम्बन्धी निम्न लिखित सजगता विधीको जानकारी प्रदान गर्नेछ ।

- संस्थाले मोवाइल बैंकिङ्ग सेवा संचालको लागि SMS मार्फत UserID र Password पठाउन सक्ने छ र तत्कालै ग्राहाकले Password परिवर्तन गर्नुपर्ने छ तद पश्चात मात्र मोवाइल बैंकिङ्ग सेवा क्रियाशिल हुनेछ । Username र Password जस्ता गोप्य सुचनाहरुको सुरक्षा ग्राहक स्वयम्ले गर्नुपर्नेछ ।
- संस्थाले मोवाइल बैंकिङ्ग सेवा संचालको लागि SMS मार्फत पठाएका UserID र Password जस्ता गोप्य सूचनाहरु स्मरण/परिवर्तन गरिसकेपछि मोबाइलबाट तुरुन्त मेटाउनुपर्ने (delete गर्नुपर्ने) छ ।
- मोवाइल बैंकिङ्ग मार्फत सार्बजानिक ठाउँ जस्तै डिमार्टमेन्टल स्टोर्स, सपीङ्ग कम्प्लेक्स आदि मा कारोबार गर्दा आफ्नो Password सजगताको साथमा प्रयोग गर्नुपर्नेछ । समय समयमा आफ्नो Password परिवर्तन गर्नु सुरक्षाको दृष्टीले राम्रो हुनेछ ।

### शुल्क तथा दस्तुर :

१. सेवा संचालन गर्दा ग्राहकले SMS र अनुरोध पठाउदा लाग्ने शुल्क दुर संचार प्रदायक संस्थासँग सम्बन्धित हुनेछ र यसमा मा संस्थाको संलग्नता रहने छैन ।

२. सेवा संचालन गर्दा ग्राहकले प्रत्येक बर्ष सेवा नबिकरण गर्नुपर्ने हुन्छ र सो को लागि संस्थाले निश्चित शुल्क लिन सक्ने छ । हालको लागि रु. १०० तोकिएको छ र यो शुल्क बर्षमा एक पटक समयानुरुप परिमार्जन हुन सक्नेछ । शुल्कको जानकारी संस्थाको वेव साइटमा समेत अध्याबधिक गरिने छ ।

३. मोबाइल बैंकिङ्गबाट लिने सेबामा संस्थाले कुनै शुल्क लिने छैन तर बस्तु वा सेवाको भुक्तानी प्रयोजनको लागि रकमान्तर गर्दा संस्थाले सेवा प्रदायकसंग गरेको संझौता बमोजिम तोकिएको सेवा शुल्क गप्रहाकको खाताबाट सोझै काटन सकिने छ र यो सेवा लिन चाहने ग्राहकलाई सेवा लिनु अगाबै शुल्क बारे जानकारी गराइनेछ ।

### सेवा र सुरक्षा सम्बन्धी जानकारी :

१. मोबाइल बैंकिङ्ग सेवाको प्रकार, सीमा तथा क्षेत्र र समय सम्बन्धी सम्पूर्ण गतिविधी संस्थामा निहीत हुनेछ ।

२. संस्थाले अर्को कुनै तेस्रो पक्ष संग संझौता गरी मोबाइल बैंकिङ्ग संचालको लागि चाहिने software तथा Hardware प्रबिधिको प्रयोग गर्न सक्ने छ र सो को संचानल स्वमित्व संस्थामा निहित रहने छ ।

३. यो सेवा संस्था र ग्राहक बिच मात्र हुनेछ । मोबाइल सेवा प्रदायकले SMS सूचना आदान प्रदान गर्न मध्यस्तताको रुपमा मात्र काम गर्ने छ । तसर्थ संस्था र मोबाइल सेवा प्रदायक संग यो सेवा संचालनको लगि कुनै सम्झौता हुने छैन र यस बाहेक अरु कुनै तेस्रो पक्षको संलग्नता रहने छैन ।

४. मोबाइल बैंकिङ्ग सेवामा SMS सूचना आदान प्रदान गर्दा सो को सुरक्षाको प्रत्याभुती संस्थाले ग्राहकलाइ दिनेछ । यसको सुरक्षाको लागि संस्थाले अवश्यक सुरक्षा प्रबिधी (Ecryption/Decription) को उपयोग गर्नेछ ।

५. तीन पटक भन्दा बढी गलत Password/PIN प्रयास गरेमा मोवाइल बैंकिङ्ग एकाउण्ट स्बतः बन्द हुने छ र सो सुचारु को लागि ग्राहक स्वयम्ले संस्थामा निबेदन दिनुपर्नेछ ।

६. मोबाइल तथा UserID र Password को दुरुपयोग बाट हुने संभावित नोक्सानीको जिम्मेवार ग्राहाक स्वयम् हुनुपर्नेछ ।

७. ग्राहाकको UserID र Password सम्बन्धी गोपनीयता सम्बन्धित ब्यक्तिमा मात्र सिमीत रहनेछ ।

८. ग्राहाकको कारोबार सम्बन्धी गोपनीयता संस्था र सम्बन्धित ब्यक्ति बिचमात्र सिमीत रहनेछ ।

९. यो सेवा ग्राहकको सम्बन्धित एउटा मोबाइल नं मा मात्र सीमित रहने छ ।

१०. मोवाइल बैंकिङ्ग प्रयोग गर्दा कुनै तेस्रो पक्षबाट आउने SMS मा Username र Password जस्ता कुनै पनि अनुरोध आएमा सो को प्रत्यूत्तर दिनु हुदैन ।

११. कम्प्यूटर तथा साइबर अपराध वा गलत प्रोग्राम (computer virus) को कारणबाट मोबाइल तथा यसको प्रणालीमा हुनसक्ने अन्य क्षतिमा संस्था उत्तरदायी हुने छैन । मोबाइल मार्फत संस्थासम्म आउने अनुरोधमा संस्थाको प्रणालीमा हानी पुर्याउने खालका गतिबिधी संस्थाले ठहर्‍याएमा त्यस्ता गतिबिधी लाइ सिधै रोक्न सक्नेछ ।

१२. ग्राहाकले मोवाइल बैंकिङ्ग सेबाको प्रयोग सामान्य अबस्थामा आफूलाई चाहिएको बखत जुनसुकै बेला प्रयोग गर्न सक्ने छन । सेवा संचालन प्रयोग गर्दा कुनै किसिमको दुविधा अप्ठेरो लागेमा सम्बन्धित ग्राहकले कार्यलय समयमा सम्बन्धित शाखाको ग्राहाक सेवा बिभागमा सम्पर्क गरी सहयोग लिन सक्ने छन । संस्थाको आन्तरीक कारण वा प्राबिधिक खराबीले सेवा संचालन हुन नसकेमा सो अगावै संचार माध्यम वा वेब साइटर/इमेलर/एस.एम.एस. मार्फत जानकारी गराइनेछ ।

१३. मोवाइल सेवा प्रदायक तथा वाह्य संजाल को अबरोध तथा समस्याले मोबाइल बैंकिङ्ग सेवा संचालन हुन नसकेमा वा सफल कारोबार हुन नसकेमा संस्था जवाफदेही हुने छैन । तर अबास्तबिक कारोबार देखिएमा सो को हिसाब मिलान संस्थाले बढिमा एक हप्ता भित्र गरिसक्नेछ ।

१४. ग्राहकले आफूले चाहिएमा मोबाइल बैंकिङ्ग बन्द गर्न सक्ने छन सो को लागि एक हप्ता अगाडी संस्थामा निबेदन दिनुपर्ने छ । खाता बन्द गर्ने सवालमा खाता बन्द भएपछि निजको मोबाइल बैंकिङ्ग सेवा समेत स्वत रद्द हुनेछ ।

१५. संस्था तथा ग्राहकको तर्फबाट मोबाइल बैंकिङ्ग सेवाका कुनै पनि शर्त तथा सम्झौता बाझिएमा वा उल्लंघन हुन गएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम समाधान गरिनेछ र सो सम्बन्धी अन्तिम निणर्य गर्ने अधिकार संस्थाको हुनेछ ।

A/c Holder Signature(s)
(खातावालाको दस्तखत )